



राष्ट्रिय दैनिक

# प्रतिदिन

PRATIDIN NATIONAL DAILY



**सूचना**

सलाई, लाइटरजस्ता आगो बाल्ने सामग्रीहरु बालबालिका तथा मानसिक सन्तुलन ठीक नभएका व्यक्तिहरूले नभेट्ने ठाउँमा राखौं ।

**नेपाल सरकार**
**सञ्चार सूचना तथा प्रविधि मन्त्रालय**
*सूचना विभाग*



वर्ष-१२ ।। अङ्क : १४२ ॥ २०७७ भाद्र २९ गते सोमबार (14th Sep. 2020,Monday) **Pratidin** National Daily मूल्य-रु.५/-


## हल्दीबारी गाउँपालिकाले कटौती गर्यो ६५ लाख फजुल खर्च




***हल्दीबारी (प्रस) ।*** झापाको हल्दीबारी गाउँपालिकाले विगतको चालु खर्चमा भारी कटौती गरेको छ । चालु खर्च बढी भएको जनगुनासो आएपछि गाउँपालिकाले यस वर्ष त्यस खर्चमा ६५ लाख रुपैयाँ कटौती गरेको हो । कर्मचारीको भत्ता, इन्धन , कार्यक्रम खर्च , बैठक भत्ता , वडा कार्यालयहरुको मसलन्द खर्च घटाइएको गाउँपालिका कार्यालयले जनाएको छ । गाउँपालिकाका उपाध्यक्ष डम्बरबहादुर गिरीले अनाबश्यक खर्चलाई यस वर्षको बजेटबाट कतिपयलाई पुरै हटाएको र कतिपयलाई घटाएको बताए । गाउँपालिका कार्यालयले प्रत्येक वडा कार्यालयहरुलाई चिया नास्तावापत् मासिक रुपमा २५ हजार रुपैयाँ बजेट दिदै आएको थियो । त्यो खर्च पुरै हटाइएको छ । मासिक १ लाख २५ हजार रुपैयाँका दरले पाँचवटा वडा कार्यालयको मसलन्द खर्च जम्मा १५ लाख रुपैयाँ जोगिएको उपाध्यक्ष गिरीले बताए । खर्च कटौतीबाट वडा कार्यालयमा आउने सेवाग्राहीहरुलाई चिया खुवाउन नसक्दा समस्या देखिएपनि त्यो निर्णय जनताको हितमा भएको हल्दीबारी १ का वडाध्यक्ष त्रिलोचन सापकोटाले बताए । उनले अहिलेको बेला सबै स्थानीय तहहरुले घाटाको

❖**बाँकी अन्तिम पृष्ठमा**

## आर्थिक मामिला मन्त्रालयले ३० प्रतिशत खर्च अख्तियारीमा रोक लगायो

***झापा (प्रस) ।*** प्रदेश- १ का मन्त्रालय तथा मातहत कार्यालयलाई ७० प्रतिशत मात्र खर्च अख्तियारी दिइएको छ । आर्थिक मामिला तथा योजना मन्त्रालयले ३० प्रतिशत खर्च तत्काललाई कटौती गर्न निर्देशन दिएको हो ।

छुट्याएका सबै कार्यक्रममा बजेट खुला गर्दा प्राथमिकता प्राप्त क्षेत्रमा बजेट अपुग सक्ने निष्कर्ष निकाल्दै आर्थिक मामिला तथा योजना मन्त्रालयले बजेट खर्चको अख्तियारी कटौती गर्ने निर्णय गरेको जनाइएको छ । सोहीअनुसार मन्त्रालयलाई औपचारिक रुपमा खर्च घटाएर कार्यक्रमहरू पुनः प्राथमिकीकरण गरी आर्थिक मामिला मन्त्रालयमा पठाउन भनिएको छ ।

स्वास्थ्य र कृषि क्षेत्रलाई प्राथमिकता दिँदै प्रदेश- १ सरकारले चालू आर्थिक वर्ष ०७७/७८ को लागि ४० अर्ब ८९ करोड ९९ लाख ४७ बजेट ल्याएको थियो । खर्च व्यवस्थापनतर्फ आन्तरिक स्रोतबाहेक ५ अर्ब रुपैयाँ अन्तर सरकारी वित्त व्यवस्था ऐन २०७४ ले व्यवस्था गरेबमोजिम नेपाल सरकारसँग ऋण लिएर पूर्ति गरिने बजेटमा उल्लेख थियो । यसैगरी प्रदेश सरकारको नगद मौज्दात ६ अर्ब रहने अनुमान गरिएको थियो । तर, कोभिड प्रभावले समग्र अर्थतन्त्रमै असर पुग्ने र सरकारका कार्यक्रम समेत प्रभावित बन्न सक्ने आँकलन गर्दै आन्तरिक मामिला तथा योजना मन्त्रालयले तत्काललाई ७० प्रतिशत बजेट मात्र कार्यान्वयन गर्न सम्बन्धित मन्त्रालयलाई निर्देशन दिएको हो ।

आर्थिक मामिला तथा योजनामन्त्री इन्द्र आङबोले भने, 'यसबारे सबै मन्त्रालय र मातहत कार्यालयलाई कार्यक्रमको पुनः प्राथमिकीकरण गरेर आर्थिक मामिला मन्त्रालयमा पठाउन निर्देशन दिएका छौं ।' भोलि काम सम्पन्न हुने तर भुक्तानी समयम नभए सरकारप्रतिको विश्वसनियतामा पनि प्रश्न उठ्न सक्ने भएकोले बेलैमा सचेतना अपनाउनु परेको मन्त्री आङबोको भनाइ छ ।

अनिवार्य दायित्व तलब तथा पारिश्रमिकमा कुनै कटौती नगर्ने तर बढी प्राथमिकताका कार्यक्रमको कार्यान्वयनमा स्रोत सुनिश्चित गर्न लागेको बताउँदै मन्त्री आङ्बोले प्राथमिकतापूर्ण कार्यक्रममा स्रोत नजुट्दा सरकारप्रतिको विश्वासमा कमी आउन सक्ने सरकारको बुझाइ भएको सुनाए । कोभिड नियन्त्रण र स्वास्थ्यसंग सम्बन्धित बजेट कटौती नहुने बरु आवश्यक परे थप हुने सक्ने आङबोले बताए ।

प्रदेश- १ सरकारको बजेट संसदले पारित गरिसकेको छ । बजेट सञ्चालन र कार्यान्वयन गर्ने अधिकार आर्थिक मामिला मन्त्रालयलाई हुन्छ । विनियोजन ऐन र आर्थिक कार्यविधि ऐनले मन्त्रालयलाई अधिकार दिएको छ । संघीय विनियोजन ऐनमा कोभिडको अवस्थालाई पनि हेरेर

❖**बाँकी अन्तिम पृष्ठमा**

## शिवसताक्षीकी सुत्केरी महिलालाई कोरोना



***झापा (प्रस) ।*** झापा शिवसताक्षी नगरपालिकाकी एक सुत्केरी महिलालाई कोरोना संक्रमण देखिएको छ । सुत्केरी गराउन नोवेल हस्पिटल विराटनगर गएकी शिवसताक्षी ५ की २३ वर्षिया महिलालाई कोरोना संक्रमण देखिएको हो । उनी पाँच दिन अघि सुत्केरी गराउन हस्पिटल गएकी थिइन् ।

संक्रमण देखिएपनि महिलाले बच्चा जन्माइसकेको शिवसताक्षी नगरपालिकाका क्वारेन्टाइन प्रमुख रोशन भट्टराईले बताए । नवजात शिशु स्वस्थ रहेको र सुत्केरीलाई आइतबार डिस्चार्ज दिइएको क्वारेन्टाइन प्रमुख भट्टराईले जानकारी दिए । झापामा आइतबार एकजना ती महिलामा मात्र कोरोना संक्रमण देखिएको हो ।

यो सँगै जिल्लामा संक्रमितको सँख्या ७२० पुगेको छ । त्यसमध्ये ६१७ जना निको भएर डिस्चार्ज भएको जिल्ला स्वास्थ्य कार्यालय झापाका फोकल पर्सन जीवन चौलागाईले बताए । प्रदेश १ मा भने ४६ संक्रमित थपिएका छन् । तीमध्ये मोरङका ४१ जना छन् भने खोटाङ र उदयपुर १-१ र प्रदेश १ बाहिरका २ जना रहेको सामाजिक विकास मन्त्रालयले जनाएको छ ।

## पाँच हजार सुरक्षाकर्मीमा कोरोना संक्रमण

***झापा (प्रस) ।*** देशभर कोरोना भाइरस संक्रमितको सँख्या बढेसँगै सुरक्षा निकायमा पनि संक्रमणको दर बढ्दो छ। नेपालका चार सुरक्षा निकाय (नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी र राष्ट्रिय अनुसन्धान विभाग) बाट प्राप्त विवरणअनुसार आइतबारसम्म पाँच हजार १३५ सुरक्षाकर्मीमा कोभिड-१९ देखिसकेको छ । संक्रमितमध्ये दुई हजार १८ जना कोरोना जितेर कार्यक्षेत्रमा खटिइसकेका छन्। निको भएकामा उच्च मनोबल देखिएकाले अन्य प्रहरी कर्मचारीलाई समेत हौसला मिलेको नेपाल प्रहरी प्रवक्ता प्रहरी वरिष्ठ उपरीक्षक कुबेर कडायतको भनाइ छ। गत वैशाखबाट सुरक्षा निकायमा संक्रमण देखिएको थियो। जेठको पहिलो सातासम्म १२ सुरक्षाकर्मीमा संक्रमण थियो ।

नेपाल प्रहरीतर्फ जेठ ३ गते एक प्रहरी जवान पहिलो संक्रमित भएका थिए। हालसम्म चार सुरक्षा निकायमध्ये सबैभन्दा बढी नेपाल प्रहरी संक्रमित भएका छन्। सर्वसाधारणसँग प्रत्यक्ष साक्षात्कार हुने भएकाले प्रहरी बढी प्रभावित भएको देखिन्छ। नेपाल प्रहरीमा आइतबारसम्म दुई हजार ८१७ मा संक्रमण भएको छ। उनीहरूमध्ये एक हजार २३३ प्रहरी निको भएर कार्यस्थलमा खटिएको प्रहरी प्रधान कार्यालयले जनाएको छ।

## तास खेल्ने पाँच शरणार्थी पक्राउ

***दमक (प्रस) ।*** शनिबार साँझ दमकमा तास खेल्दै गरेका पाँच भुटानी शरणार्थी एक लाख सन्ताउन्न हजार रकमसहित पक्राउ परेका छन् । साँझ ६ बजेतिर दमक नगरपालिका ३ को बेलडागी २ शिबिरस्थित सेक्टर ए४ हट न.२४५ बस्ने मनु गुरुङको घरमा तास खेल्दै गर्दा उनीहरु पक्राउ परेका हुन् । पक्राउ पर्नेहरुमा सेक्टर न.ए४ हट न.२३२ बस्ने ३८ वर्षिय प्रकाश राई, सेक्टर न.बी ३ हट न.३०५ बस्ने ३६ वर्षिय नरेश दाहाल, सेक्टर न.बी ४ हट न.३६६ बस्ने ३६ वर्षिय कुमार तामाङ, सेक्टर न.ई २ हट न.१०५ बस्ने बिर्खमान राई र सेक्टर न.बी २ हट न.१९८ बस्ने २४ वर्षिय सन्तबीर तामाङ रहेका छन् । घरधनी काठमाण्डौमा भई खाली घरमा तास खेलिरहेको बिशेष सूचनाको आधारमा गएको ईलाका प्रहरी कार्यालय दमकबाट प्रहरी टोलीले पक्राउ गरेको हो ।

उनीहरुको साथबाट एक लाख सन्ताउन्न हजार नगदसहित एक बुङ तास बरामद गरी आवश्यक अनुसन्धान तथा कानुनी कारबाहीको लागि इप्रका दमकमा राखिएको छ ।



उनीहरुमाथि अनुसन्धान गर्न जिल्ला प्रशासन कार्यालयबाट ७ दिनको म्याद थप गरिएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

## लागु पदार्थ घटना बढ्यो, एकैदिन ६ पक्राउ

***झापा (प्रस) ।*** अबैध लागु पदार्थसहित शनिबार झापामा ६ जना पक्राउ परेका छन् । पाँचजना ब्राउन सुगर र एकजना गाजासहित पक्राउ परेका हुन् ।

शनिबार दिउँसो ३ बजे मेचीनगर नगरपालिका वडा नं.१३ स्थित ईलाम रोडमा लागूऔषध नियन्त्रण ब्युरो काँकरभिट्टाबाट खटिएको प्रहरी टोलीले वडा नं.१० बस्ने १८ वर्षिय बिशाल लिम्बु र वडा नं. १२ बस्ने २३ वर्षिय राजन श्रेष्ठलाई ब्राउन सुगरसहित पक्राउ गरेको हो । उनीहरुले चलाईरहेको मे४प ७७२६ नं.को मोटरसाईकल चेकजाँच गर्ने क्रममा ब्राउन सुगर जस्तो देखिने मिसाईलो पदार्थ ८.५ ग्राम बरामद गरी दुवैलाई मोटरसाइकलसहित नियन्त्रणमा इप्रका धुलाबारीमा ल्याई अनुसन्धान भईरहेको देखिने मिसाईलो पदार्थ प्लाष्टिक सहित १४ ग्राम ८१० मिलिग्राम बरामद गरी तिनै जनालाई इप्रका बिर्तामोडमा ल्याई अनुसन्धान भईरहेको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ ।शनिबार नै अबैध चार किलो गाजासहित दमकमा एकजना पक्राउ परेका थिए ।इलाम माङ्सेबुङ गाउँपालिका ६ घर भई दमक १ मामा चोकस्थित सुन्दर लावतीको घरमा डेरा गरी बस्ने २६ वर्षिय अर्पण राई पक्राउ परेका हुन् । लुकाई छिपाई राखी बेचबिखन गर्दै गरेको गोप्य सूचनाको आधारमा इलाका प्रहरी कार्यालय दमकबाट खटिएको प्रहरी टोलीले उनको कोठामा रहेको काठको पलङमा झोलामा राखेको प्रतिबन्धित ४ केजी ५८ ग्राम



प्रहरीले जनाएको छ ।

त्यस्तै शनिबार दिउँसो ४ बजे बिर्तामोड नगरपालिका वडा नं.१ स्थित अधुवा पुल छेउमा लागूऔषधको कारोबार भैरहेको भन्ने बिशेष सुराकीको आधारमा लागूऔषध नियन्त्रण ब्युरो काँकरभिट्टा र ईलाका प्रहरी कार्यालय बिर्तामोडबाट खटिएको प्रहरी टोलीले शंकास्पद अवस्थामा संदिप धिमाल, आकाश राई र आशिष राईलाई पक्राउ गरेको छ । उनीहरुलाई चेकजाँच गर्दा संदिप धिमालको साथबाट लागूऔषध ब्राउनसुगर जस्तो गाजासहित पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ । जिल्लामा लागु पदार्थको प्रयोग र ओसारपसारको घटना बढ्दै गएको छ । भदौ महिनामा लागु पदार्थसम्बन्धी घटनामा ११ जना पक्राउ परेका छन् । त्यसमा ८ वटा मुद्धा दर्ता भएको छ । त्यस्तै साउन महिनामा एक महिलासहित १८ जना पक्राउ परेका थिए । उनीहरुविरुद्ध १० वटा मुद्धा दर्ता गरिएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता राकेश थापाले बताए ।

## सशस्त्र प्रहरीका गणपति पाण्डेको यस्तो छ प्रतिबद्धता




***भद्रपुर (प्रस) ।*** सशस्त्र प्रहरी बल हेडक्वाटर २ नं गणका गणपति रमेशकुमार पाण्डेले सीमा सुरक्षा तथा चोरी तस्करी रोक्ने प्रतिबद्धता जनाएका छन् ।

सशस्त्र प्रहरी उपरीक्षक पाण्डेले आफ्नो कार्यालय परिसरमा झापाली सञ्चारकर्मीसित अन्र्तक्रिया गर्दै आफ्नो कार्यकालभरि विभागले दिएको जिम्मेवारी पूर्णरूपमा पूरा गर्ने प्रतिबद्धता जनाएका हुन् । नेपाल भारत सीमा क्षेत्रअन्तर्गत झापामा १४३ किलो मिटर सीमा सुरक्षाको जिम्मेवारी बहन गरिरहेको सशस्त्र प्रहरी बल हेटक्वाटर २ नम्वर गण मातहतमा बिओपी (सीमा सुरक्षा पोस्ट) ९ वटा रहेको छ । यस वर्ष ८ वटा थप हुने जानकारी दिँदै उपरीक्षक पाण्डेले सीमा क्षेत्रमा हुने अपराध रोक्न सशस्त्र प्रहरी बल मुख्य जिम्मेवार भएर लागिरहेको जानकारी दिए ।

# शव व्यवस्थापनमा जुटेका फुटबलर विवेक भन्छन्,
# ‘संकटमा सहयोग गर्न पाउँदा गर्व छ’

**नमिन ढकाल /इलाम**

विश्वमा कोरोना महामारी सुरु हुनुअघि विभागीय टिम त्रिभुवन आर्मीका विङ्गर विवेक बस्नेतको काम फुटबल खेल्नु थियो । शहीद स्मारक लिग र देशका विभिन्न भागमा हुने गोल्डकप प्रतियोगितामा आर्मी टिमलाई उपाधि दिलाउन उनको भूमिका महत्वपूर्ण हुन्थ्यो । पछिल्लो पटक उनले आफ्नै गृह जिल्ला इलाममा भएको माईभ्याली गोल्डकप खेले । प्रतियोगितालगत्तै व्यवस्थापनमा जुटिरहेका छन् । ‘ कोरोनाका कारण देश संकटमा परिरहँदा सामाजिक रुपमा सहभागी हुन पाउनु आफैँमा गर्वको कुरा हो’ उनले भने, ‘मैलेजस्तो पुण्यको काम गर्ने अवसर सबैले कहाँ पाउँछ र ?’ उनले गत साउनमा शव व्यवस्थापनसम्बन्धी आरआरटी तालिम लिएर अहिले फिल्डमा खटिरहेका छन् । ‘शव व्यवस्थापन आफैँमा चुनौतीपूर्ण कार्य हो । शुरु शुरुमा त डर थियो पछि भने सहज नै महसुस भएको छ ।

जसरी छुँदैमा कोरोना सर्छ भन्ने भ्रम घरमै मृत्यु भयो भने हामी आफैँले गएर प्याक गर्नुपर्ने हुन्छ ।’ उनले भने, ‘मैले अहिलेसम्म घरबाट शव उठाउनुपरेको छैन ।’ एकपटक शव व्यवस्थापनमा ७ जना सहभागी हुने गर्छन् । ३ वटा गाडीका चालक, कमान्डर १ जना, शव व्यवस्थापनमा २ जना र स्टेन्डबाई एकजना रहन्छ ।

‘पिपिइ लगाएर आफू सुरक्षित भएर फिल्डमा खटिन्छौँ । फिल्डबाट फर्केको दुई दिनपछि कोरोना टेस्ट हुन्छ ।’ उनले भने, ‘हाम्रो रिपोर्ट भोलिपल्टै आउँछ त्यसपछि मात्र चिन्तित पनि हुनुभयो तर मैले सबै कुरा भनेपछि केही सहज भएको छ’ उनले भने शव व्यवस्थापन कार्यमा लागेपछि उनले श्रीमतीलाई भेट्नसमेत पाएका छैनन् । शव व्यवस्थापनपछि उनीहरु आर्मीको क्वारेन्टाइनमा बस्ने गर्छन् । विवेकसँगै आर्मीका खेलाडी सुरज महतो पनि शव व्यवस्थापनमा खटिरहेका छन् । एन्फा एकाडेमीका उत्पादन विवेकले उमेर समूहका सबैजसो प्रतियोगिता खेलेका छन् । उनी २०७१ चैतमा आर्मीमा भर्ना भएका थिए । गणभित्र हुने



सरकारले लकडाउन लगाएपछि उनी फुर्सदिला भएका थिए । अहिले कोरोनाले खेलकुद क्षेत्र प्रभावित भएपछि विवेकको भूमिका फेरिएको छ ।

कोरोना संक्रमणबाट मृत्यु भएकाहरुको शव व्यवस्थापन गर्ने जिम्मा नेपाली सेनाले पाएपछि त्यसको हिस्साको रुपमा विवेकसमेत सहभागी हुन पाएका हुन् । एक साता भयो विवेक कोरोना संक्रमणबाट मुत्यु भएकाहरुको शव थियो त्यो रहेनछ ।’ उनले भने, ‘ मनमा डर नहुने हो र आफू सुरक्षित भएर काम गर्ने हो भने सहजै कोरोना सर्दैन ।’ गत भदौ २० गते काठमाण्डौंमा मृत्य भएका पर्साका व्यक्तिको शव व्यवस्थापनमा गरेका विवेकले शनिबार मात्र ३ जनाको शव व्यवस्थापन गरे । ‘हालसम्म ७ जनाको शव व्यवस्थापनमा सहभागी भइसके । हस्पिटलमा मृत्यु भएका शवको हस्पिटल आफैँले प्याक गरिदिन्छ तर कुनै व्यक्तिको अर्को शव व्यवस्थापनमा सहभागी हुन्छौँ । महिनामा ४ पटक जति पालो आउँछ ।’ शव व्यवस्थापनमा आफू सहभागी नभएको भन्दै परिवारलाई ढाटिरहेका उनको फोटो सामाजिक संजालमा सार्वजनिक भएपछि सबै छक्क परेको विवेकले सुनाए । ‘घरमा त टाढिरहेको थिएँ ।

एक्कासी फेसबुकमा फोटो आएपछि सबैले थाहा पाउनुभयो । बाहिनी, पृतना हुँदै खेल अगाडि बढाए । २०७२ सालमा भएको प्रतियोगितामा जगदल गणबाट उत्कृष्ट हुँदै विवेकले विभागीय टिम त्रिभुवन आर्मीबाट खेल्ने अवसर पाए । त्यसपछि अहिले फुटबल क्षेत्रमा आफूलाई प्रमाणित गर्दै आएका छन् । गृह जिल्लामा भएको तेश्रो माईभ्याली गोल्डकपको सर्वोत्कृष्ट खेलाडी बन्दै उनले मोटरसाइकलसमेत पाएका थिए ।

# साहित्य चौतारी झापाद्वारा तेराख सम्मानित

*बिर्तामोड (प्रस) ।* साहित्य चौतारी झापाले मेचीनगर -९ धुलावारीका अग्रज साहित्यकार तेजराज खतिवडा (तेराख)लाई ‘दीर्घ साहित्यसेवी सम्मान’ प्रदान गरेको छ । नेपाली साहित्यका साथै साहित्य चौतारी झापाको स्थापनाकालदेखि हालसम्म पुर्याएको योगदानको कदर गर्दै अग्रज साहित्यकार तेराखलाई ‘दीर्घ साहित्यसेवी सम्मान’ प्रदान गरिएको साहित्य चौतारीका संस्थापक तथा संरक्षक देवीभक्त श्रेष्ठले जानकारी दिए । कोरोना भाइरसको संक्रमणबाट वच्न भौतिक दुरी कायम गरी मेचीनगर -९ धुलावारीस्थित निवासमै गएर अग्रज साहित्यकार तेराखलाई सम्मान गरिएको उनले बताए । साहित्य चौतारीका सल्लाहकार हस्त परियारको अध्यक्षता तथा प्राज्ञ सभा सदस्य सुभद्रा भट्टराईको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा साहित्य चौतारीका कोषाध्यक्ष भवानीप्रसाद गौतमले स्वागत गरेका थिए । कार्यक्रममा अग्रज साहित्यकार तेराखको परिचय साहित्य चौतारीका सल्लाहकार कृष्णप्रसाद पौडेलले दिएका थिए । उनले झापाको मेचीनगर नगरपालिका -९ धुलावारीमा रहेर अग्रज साहित्यकार तेराखले २० वटा कृतिहरु प्रकाशित गरिसकेको र आधादर्जन भन्दा बढी कृतिहरु प्रकाशोन्मुख अवस्थामा रहेको जानकारी गराएका थिए । साहित्य चौतारी झापाका सदस्य देवीचरण भण्डारीले बाचन गरेको सम्मान पत्र साहित्य चौतारी झापाका संस्थापक तथा संरक्षक देवीभक्त श्रेष्ठ, प्राज्ञ सभा सदस्य सुभद्रा भट्टराईलगायतले अग्रज साहित्यकार तेराखलाई प्रदान गरेका थिए । अग्रज साहित्यकार तेराखलाई सम्मानपत्रसहित दोसल्ला, खादा, नेपाली टोपी र नगदसमेत प्रदान गरिएको थियो ।

कार्यक्रममा प्रमुख अतिथि प्राज्ञ सभा सदस्य सुभद्रा भट्टराईले अग्रज साहित्यकार तेराखले नेपाली भाषा र साहित्यमा पुर्याएको योगदानको चर्चा गर्दै साहित्य चौतारी झापाले अग्रज स्रष्टाहरुको उचित मूल्यांकन गरेर सम्मान गरेकोमा खुशी व्यक्त गरेकी थिइन् । कार्यक्रममा साहित्य चौतारी झापाका संस्थापक तथा संरक्षक देवीभक्त श्रेष्ठले नेपाली साहित्यका साथै साहित्य चौतारी झापाको स्थापनाकालदेखि हालसम्म पुर्याएको योगदानको कदर गर्दै अग्रज साहित्यकार तेराखलाई सम्मान गरिएको बताए ।

साहित्य चौतारी झापाका संस्थापक सल्लाहकार समेत रहेका अग्रज साहित्यकार तेराखको उपन्यास रातको बाह्रबजे २०५६ साल असार ३१ गते साहित्य चौतारी झापाको प्रथम वार्षिकोत्सवमा विमोचन गरिएको उनले बताए ।

अग्रज साहित्यकार तेराखले साहित्य चौतारी झापाको प्रत्येक वार्षिकोत्सवमा उपस्थित भएर शुभकामना दिएर हौसला प्रदान गर्ने गरेको बताउँदै साहित्य चौतारी झापाका संस्थापक तथा संरक्षक देवीभक्त श्रेष्ठले साहित्य चौतारी झापाको अभिभावकत्व ग्रहण गरेकोले साहित्य चौतारी झापाको श्रीवृद्धिमा अग्रज साहित्यकार तेराखले पुर्याएको योगदान अविस्मरणीय रहेको बताए ।

कार्यक्रममा सम्मानित स्रष्टा अग्रज साहित्यकार तेराखले जीवनका अनुभव र अनुभूतिहरुलाई संक्षेपमा उल्लेख गर्दै स्रष्टाहरुको उचित मुल्यांकन गरेर सम्मान गर्ने कार्यले पछिल्लो पीँढीलाई पनि जागरुक बनाउने बताए । उनले साहित्य चौतारी झापाले आफूलाई सम्मान गरेर साहित्यको क्षेत्रमा लाग्न अझ हौसला र प्रेरणा दिएको बताउँदै अस्वस्थ्य अवस्थामा पनि आफूलाई सम्झिएकोमा साहित्य चौतारी झापालाई धन्यवाद दिएका थिए ।

कार्यक्रममा साहित्य चौतारी झापाका पूर्व सम्मानित स्रष्टा फुर्वा योञ्जन, अनिरुद्र सिटौला,पूर्व सदस्य साहित्यकार विनोद खनाल, लोकगायक भानु ओली, कुमार श्रेष्ठलगायतले अग्रज साहित्यकार तेराखको दीर्घजीवनको कामना गरेका थिए ।

## आर्थिक मामिला.....

संघले विभिन्न स्रोतबाट आएको अनुमान गरेको थियो तर भने अनुसारको स्रोत परिचालन नभए प्रदेश तथा स्थानीय तहलाई दिइने अनुदान कटौती हुन सक्ने भन्ने स्पष्ट उल्लेख छ ।

मन्त्री आङबोले आफूले पनि ‘ आवश्यकताअनुसार बजेटमा लचकता राख्न सकिने’ भन्ने बजेटमा राखेको सुनाए । ‘कोभिड प्रभाव, राजस्व बाँडफाँड र प्रदेश सरकारको आफ्नो स्रोतको अवस्था हेर्दा समेत हामीलाई असर गर्ने देखिएको छ’ मन्त्री आङबो भन्छन्, ‘अघिल्लो वर्ष बजेटमा कोभिडले हामीलाई असर गरेन । राहतलाई विकास निर्माणमा जोडेकाले अपेक्षित कामहरू सम्पन्न भए । अघिल्लो वर्षको सञ्चित रकम हुने अपेक्षा गरिएको थियो तर हुन सकेन ।’

कोभिडले संघबाट हुने राजस्व बाँडफाँड पनि प्रभाव पर्न सक्ने प्रदेश १ सरकारको अनुमान छ । अर्थतन्त्रका सबै क्षेत्र प्रभावित भएको र बाँडफाँड पनि अपेक्षित प्राप्त नहुने देखिएको आर्थिक मामिला मन्त्रीको अनुमान छ । प्रदेशको राजस्वका क्षेत्र पनि चलायमान हुन नसेकको, स्थानीय तहमा सिल, निषेधाज्ञा र लकडाउनले पनि राजस्वका स्रोत परिचालन हुने अवस्था कमजोर बनेको प्रदेश सरकारको बुझाइ छ । मन्त्री आङबोले भने, ‘व्यापार र बन्द व्यवसाय पनि प्रभावित बनेका छन् ।’

**करार र राजनीतिक नियुक्तिमा रोक**

प्रदेश सरकारले सवारी साधन, सेमिनार गोष्ठीलाई पहिलो चौमासिकबाट नै खर्च गर्न पूर्ण रोक लगाएको थियो । दोस्रो चौमासिकमा पनि आवश्यकता हेरेर खोल्न सकिने तर प्राथमिकता प्राप्तमा खर्चमा कमी आउन नदिने रणनीति लिएको छ ।

प्रत्येक कार्यक्रममा नभएर समग्र बजेटमा ३० प्रतिशत घटाउने भन्ने मन्त्रालयहरूलाई भनिएको छ । मन्त्री आङबो भन्छन्, ‘प्राथमिकता नभएका क्षेत्रमा नियन्त्रण गर्ने हो । अवस्था सहज भए बाँकी बजेटमा काम गर्न दिन सकिन्छ । एउटा समझदारी गरिएको हो । मन्त्रालयलाई औपचारिक रुपमा जानकारी गराइएको छ । प्राथमिकता नभएको क्षेत्र जसलाई परम्परागत रुपमा कतिपय कार्यक्रममा छुट्याउने गरिन्छ जस्तै भवन मर्मत, कम्प्युटर खरिद, सवारी साधन खरिद, करार नियुक्ती र राजनीतिक नियुक्ति नगर्न निर्देशन दिएका छौं ।

सरकारलाई सार्वजनिक खर्च कार्यान्वयनमा समस्या नभएको तर स्रोत जटाउने लक्ष्य राखिएकोमा त्यो जुटाउन कठिन देखिएको छ । अहिले कोभिडको प्रभावले प्रदेशमा पनि राजस्वको क्षेत्र संकुचित हुँदै गएको देखिएको छ । लक्ष्यअनुसार राजस्व उठ्ने देखिएको छैन ।

संघीय सरकारले पनि विनियोजन ऐनमा आवश्यक स्रोत व्यवस्थापन गर्न वैदेशिक अनुदान, ऋण, आन्तरिक ऋणमार्फत व्यवस्थापन गर्ने उल्लेख गरेको छ तर त्यो नभए वा कमी भए प्रदेश र स्थानीय तहलाई दिने अनुदान प्रभावित हुन सक्ने आफूहरूले अनुमान गरेको मन्त्री आङ्बोले जानकारी दिएका छन् । ‘हामी बेलैमा सचेत हुनुपर्छ । लक्ष्यअनुसार स्रोतको व्यवस्थापन गर्न कठिनाइ हुन सक्छ’ उनले भने, ‘केही दिनमै कार्यक्रमको पुनः प्राथमिकीकरण गरेर मन्त्रालयबाट आउनेछ । जस्तै पूर्वाधार विकास मन्त्रालयमा एक-दुई अर्बको कार्यक्रम गर्दा नहुने रहेछ भने यो यो कार्यक्रम अगाडि नबढाउने भन्ने रुपरेखा आर्थिक मामिला मन्त्रालयलाई बुझाउनुपर्छ ।’

स्वास्थ्य र कृषि क्षेत्रलाई प्राथमिकता दिँदै प्रदेश- १ सरकारले आर्थिक वर्ष ०७७/७८ को लागि ४० अर्ब ८९ करोड ९९ लाख ४७ रुपैयाँको बजेट ल्याएको थियो । कुल विनियोजनमध्ये चालुतर्फ १८ अर्ब ९३ करोड ४९ लाख ९३ हजार अर्थात् ४६ दशमलव २९ प्रतिशत र पुँजीगत २१ अर्ब ९२ करोड ५० लाख ४ हजार अर्थात् ५३ प्रतिशत छ । वित्तीय व्यवस्थापनतर्फ ४ करोड । अन्तर सरकारी वित्तीय हस्तान्तरणका लागि दुई अर्ब ८८ करोड ८२ लाख ४५ हजार रुपैयाँ विनियोजन गरिएको थियो ।

खर्च व्यवस्थापन आन्तरिक स्रोत चार अर्ब ७५ करोड ७ लाख ४७ हजार, राजस्व बाँडफाँडबाट १० अर्ब ३ करोड ५४ लाख रुपैयाँ, अनुदानबाट १५ अर्ब ११ करोड ३८ लाख रुपैयाँले बेहोरिने बजेटमा उल्लेख थियो । सरकारको नगद मौज्दात ६ अर्ब रहने अनुमान गरिएको थियो । खर्च आवश्यकता पूरा नहुने भएकोले ५ अर्ब अन्तर सरकारी वित्त व्यवस्था ऐन २०७४ ले व्यवस्था गरेबमोजिम नेपाल सरकारसँग ऋण लिएर पूर्ति गरिने बजेटमा उल्लेख छ ।

# कचनकवलमा जेसीजको रक्तदान

*भद्रपुर (प्रस) ।* भद्रपुर जेसीज प्रथम पाठशाला कचनकवलको आयोजनामा कचनकवल ६ स्थित बनियानीमा सम्पन्न रक्तदान कार्यक्रममा ६७ जनाले रगत दान गरेका छन् ।

झापामा देखिएको रगत अभावप्रति लक्षित गरी आयोजित कार्यक्रममा ५ महिलासहित ६७ जनाले रगत दान गरेका हुन् । रेडक्रस झापाको प्राविधिक संयोजन रहेको रक्तदान कार्यक्रम भद्रपुर जेसीजका अध्यक्ष डिल्लीराम पोखरेलको सभापतित्व तथा प्रदेश सांसद बसन्त बानियाको प्रमुख आतिथ्यमा भएको महासचिव खिलनाथ पाण्डे निकाशले जानकारी दिएका छन् ।

## हल्दीबारी....

बजेट बनाउनु पर्ने अबस्थामा त्यस्ता फजुल खर्च घटाउन आबश्यक रहेको प्रतिक्रिया दिए । त्यस्तै कर्मचारीहरुले पाउँदै आएको प्रोत्साहन भत्ता पनि कटौती गरिएको छ । कर्मचारीको प्रोत्साहन भत्तामा २० लाख रुपैयाँ घटाइएको हो । कोरोना भाइरसको महामारीका कारण कर्मचारीहरुको प्रोत्साहन भत्ता कटौती गरिएको उपाध्यक्ष गिरीले बताए । त्यसैगरी गाउँपालिका कार्यालयले इन्धन खर्चमा भारी कटौती गरेको छ । गाउँपालिका कार्यालयबाट इन्धनको नाममा खर्च दोहन गर्ने प्रवृति हटाउन चाहिने मात्रामा इन्धन पदाधिकारी र कर्मचारीहरुलाई दिने निर्णय गरिएको छ । पदाधिकारीहरुलाई इन्धन खर्च १० लाख दिदै आएकोमा त्यो पुरै हटाइएको गिरीले बताए । त्यस्तै कार्यालयको इन्धन खर्चमा १० लाख रुपैयाँ कटौती गरिएको छ । त्यस्तै अनाबश्यक कार्यक्रम खर्च ५ लाख , कर्मचारी र पदाधिकारीहरुको बैठक भत्ता ५ लाख रुपैयाँ घटाइएको छ । गत वर्ष हल्दीबारी गाउँपालिकाको चालु खर्च ५ करोड रहेको थियो । यस वर्ष त्यसलाई ४ करोड ३५ लाख रुपैयाँमा झारिएको छ । हल्दीबारी गाउँपालिकाले यस वर्ष गाउँपालिकाबाट निर्णय गर्नसक्ने २९ करोड ६४ लाख ७३ हजार , गाउँपालिकामार्फत सशर्त अनुदान १६ करोड ८४ लाख , सामाजिक सुरक्षा वापत ९ करोड ७३ लाख रुपैयाँ विनियोजन गरेको छ । विजय इङनाम गएपछि करिव एक महिना प्रमुख प्रशासकीय अधिकृतविहीन भएको हल्दीबारी गाउँपालिकामा नयाँ प्रमुख प्रशासकीय अधिकृतको रुपमा प्रवीण दाहाल आएका छन् । गौरीगञ्ज गाउँपालिकाबाट आएका दाहालले बिहीबारदेखि आफ्नो जिम्मेवारी सम्हालेका छन् । भद्रपुर पुथ्वीनगर निवासी दाहालले सबै पक्षलाई मिलाएर सन्तुलित रुपमा समन्वयकारी भूमिका आफूले निर्वाह गर्ने बताएका छन् ।


बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड , झापा
( पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)
पुर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाई गरिन्छ ।



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680
सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस ।

बिर्तामोड नगरपालिकाको
अत्यन्त जरुरी सूचना !
बिर्तामोड नगरपालिका पशुपंक्षी तथा मत्य विकास शाखा मार्फत् पशु नश्ल सुधार (कृतिम गर्भाधान) कार्यक्रम गाई, भैंसी र बाख्रामा ५०% छुट अनुदानमा कार्यक्रम सञ्चालन भइरहेको हुँदा बिर्तामोड नगरपालिका क्षेत्रभित्र रहने आम पशुपालक कृषकहरुको जानकारीका लागि यो सूचना सम्प्रेषण गरिएको छ । कृतिम गर्भाधान सेवा नगरपालिकाको १० वटै वडामा सञ्चालन भइरहेको हुँदा कार्यालयको सम्पर्क नं. ०२३-५४६६७३ मा सम्पर्क गरी जानकारी लिनुहुन अनुरोध छ ।
बिर्तामोड नगरपालिका, झापा

पूर्ण टुङ्ग बिर्ता सीटी अस्पताल बिर्तामोडमा
शारीरिक उपचार अर्थात् फिजियोथेरापी सेवा सुरु
औषधीको प्रयोग नगरी उपचार
बिना औषधि, बिना सुई, बिना चिरफार, हाड जोर्नीको दुखाई, हड्डी खिएको, हातखुट्टा नचल्ने, झमझमाउने, मुख बाङ्गिएको, मस्तिष्कघात भई प्यारालाइसिस भएको, घाँटी अथवा ढाडको नसा चेपिई दुख्ने, झमझमाउने, अप्रेसनपछि जोर्नीहरु जाम भएको, हातखुट्टा चलाउँदा दुख्ने तथा असजिलो भएको, मांसपेशी कमजोर भई हातगोडा लुलो हुने आदि भएमा यस बिर्ता सीटी हस्पिटलको फिजियोथेरापी विभागमा सम्पर्क गरी चाँडोभन्दा चाँडो स्वास्थ्य लाभ लिनुहोस् । वैज्ञानिक ढङ्गले मालिस गर्ने, मांसपेशीहरु सेक्ने, हातखुट्टा चलाउने, व्यायाम गर्ने गरी तपाईंको शरीरलाई पुन: यथावत् पूर्ण सञ्चालनमा ल्याउन सकिने भएकाले यसका लागि अनुभवी र पारखी विशेषज्ञको विज्ञ सेवा प्राप्त गरी तन्दुरुस्त बन्नुहोस् ।




सदैव व्यायाम गरौं, सदैव स्वस्थ रहौं ।
पूर्ण टुङ्ग बिर्ता सीटी हस्पिटल
बिर्तामोड, झापा । फोन : ०२३-५४४८५५, ९८६२६८००००

हाडजोर्नी तथा नशाका समस्याहरुको
बिना अप्रेसन सफल उपचार
सफलतापूर्वक उपचार हुने समस्याहरु
ढाड, गर्धन कम्मर दुख्ने डिस्क प्रोल्याप्स, हड्डी खिइएको नशा च्यापिएको
बाथ, आर्थराइटिस, घुडा, जोर्नी दुख्ने, युरिक एसिड बढेको
शरीरका विभिन्न अङ्ग झम्झमाउने, पोल्ने, लाटो हुने
पाएल्स, पिनाश, ग्यास्टाइटिस, कब्जियत, टाउको दुख्ने, डिप्रेशन, अनिद्रा
प्यारालाइसिस, शरीरको एक अङ्ग वा दुवै अङ्ग नचल्ने, मुख बाङ्गिएको



सम्पर्क : स्पार्क पूर्वाञ्चल अस्पताल प्रा.लि.
कनकाई रोड (कनकाई कलेजसँगै) बिर्तामोड (झापा) फोन : ०२३-५४०१२३, ९८५२६७५०३३


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) फोन नं.: ०२३-५४३८२० इमेल : pratidin65@gmail.com अध्यक्ष : युवराज दाहाल । । सम्पादक : राजेन्द्र गौतम

## सम्पादकीय

# ज्यान बचाउनेहरु

प्राणघातक रोग लागेर खर्चको अभावमा समस्यामा पर्नेहरु धेरै छन् । घरको आर्थिक स्थितिले धान्न नसकेर उपचारबाट बञ्चित भएकाहरु थुप्रै छन् । कतिपयले हारगुहार गरेर ज्यान बचाएका छन् भने कतिपयले उपचार अभावमा ज्यान गुमाएका छन् ।

नेपालमा निशुल्क स्वास्थ्य सेवा उपलब्ध छैन । आधारभूत आबश्यकतामा परेको स्वास्थ्य अधिकारलाई सरकारले निशुल्क रुपमा प्रदान गर्न सकेको छैन ।नाफामूलक खोलिएका स्वास्थ्य संस्थाहरुमा जोकोही सर्वसाधारण जनताले उपचार गर्नसक्ने हैसियत राख्न सकेका छैनन् । सरकारबाट निशुल्क उपचारको व्यवस्था नभएको र आफ्नो सामर्थ्य पनि नभएको अप्ठ्यारो अबस्थाबाट धेरैजना गुज्रिरहेका छन् । कमाएर दुई छाक टार्दै आएका परिवारमा गंभीर प्रकृतिको कोही विरामी भइहाले हारगुहार गर्नुको विकल्प छैन । यस्तो समस्या धेरैलाई परेको छ । धुलाबारी माविको कक्षा ११ मा अध्ययनरत अरिस्ता परियारले गम्भीर स्वास्थ्य समस्याको सामना गरिरहेकी छन् ।

दुवै मिर्गौलाले काम गर्न छाडेपछि मेचीनगर ९ फारमटोल बस्ने अरिस्ताको जीवन संकटमा छ । अरिस्ताको जीवन बचाउन स्थानीय जुटेका छन् । उपचारका लागि आवश्यक खर्च जुटाउन, मिर्गौला दिने व्यक्ति खोज्न र प्रत्यारोपणका लागि आवश्यक प्रबन्ध मिलाउन अहिले जनस्तरमा अभियान चलाइएको छ । अहिलेसम्म २ लाख ४१ हजार रुपैयाँ संकलन भइसकेको छ । त्यस्तै मुटु तथा कलेजो रोगवाट केही समयदेखि विरामी परेकी कमल गाउँपालिका– ६ गेउरियाकी ६६ बर्षिया सोमरानी लिम्बुको उपचारका लागि स्थानीय फाल्गुनन्द आमा समूहले १० हजार रुपैयाँ सहयोग गरेको छ । अर्काको जग्गामा टहरा बनाएर बस्दै आएकी लिम्बुलाई रोगले च्यापे पनि उपचार गर्न परिवारसंग रकम नहुँदा घरमै थलिन बाध्य भएपछि उनको उपचारमा थोरै भएपनि सहयोग पुऱ्याउन समूहले १० हजार रुपैयाँ उपलव्ध गराएको हो । यी भए सहयोग माग्नेहरु । सहयोग गर्नेहरु पनि समाजमा धेरै छन् । झापाको दमक घर भई हाल अमेरिका बस्दै आएका सञ्चारकर्मी सुदिप पन्तले दमकको एक संस्थालाई १ लाख रुपैयाँ सहयोग गरेका छन् । परोपकारी काममा सक्रिय रहँदै आएको दमकको असहाय मानव सेवा समाजलाई उनले सो सहयोग उपलव्ध गराएका हुन् । यसरी सहयोगको आव्हान गर्नेहरुलाई सहयोग गर्ने मनकारी हातहरुले पनि निरन्तर सहयोग गर्दै आएका छन् । यो मानवीय सहयोगको सर्वोतम कार्य हो । यही मानवीय एवं सामाजिक सहयोगबाट धेरैले ज्यान जोगाएका छन् ।

# नेपालमा झुट्टा बिमा दाबी



❖शेरबहादुर बुढा

नेपालमा अधिकारप्राप्त व्यक्तिले अनुचित आर्थिक लाभ लिएका वा लिन खोजेका बारे मिडिया र सर्वसाधारणमा निरन्तर चर्चा हुने गरेको छ । देश विकास हुन नसक्ने मूल कारण भ्रष्टाचार र दण्डहीनता भएकोमा प्राय सबै एकमत छन् । देशमा व्याप्त यही भ्रष्ट मानसिकता र दण्डहीनताको उपजका रुपमा नेपालमा विभिन्न प्रकारका झुठा बिमा दाबीमा निरन्तर वृद्धि भइरहेको देखिन्छ ।

हालै एउटा बिमा कम्पनीको दाबी विभागले आश्चर्यका साथ हामीलाई कार्यादेश दियो ः 'डडेल्धुरा जिल्लाको अमुक ग्रामीण सडकमा ट्र्याक्टरले बाटोमा हिँडिरहेका यात्रुलाई ठक्कर दिँदा २ जनाको मृत्यु र १० जना घाइते भएको ट्राफिकको पत्रसहितको अस्वाभाविक दाबी परेकोले अनुसन्धानका साथ सर्भे गरी दिने ।' प्रशस्त घुम्ती रहेका नेपालका पहाडी र ग्रामीण माटे सडकहरुमा सुस्त गतिमा गुड्ने गरी डिजाइन गरिएको ट्र्याक्टरबाट दुईको मृत्यु र १० घाइते हुने सम्भावना निकै कम रहेकाले दाबीकर्ताको अनुपस्थितिमा तत्काल घटनाको स्थलगत अनुसन्धान गरियो । यसबाट सप्रमाण स्पष्ट हुन आयो –' नयाँ काम सुरु गरेको खुसियालीमा स्थानीय ठेकेदारका करिब १५–२० जना कामदार ट्र्याक्टरको ट्रलीमा होहल्लाका साथ नाचगान गर्दै गएको अवस्थामा मापसे गरेको ड्राइभरले चलाएको ट्र्याक्टरबाट उक्त दुर्घटना भएको रहेछ । यातायात नियमअनुसार ट्र्याक्टरमा ड्राइभरबाहेक अन्य सवार हुन नपाइने र बिमा नियमानुसार मापसे गरेको ड्राइभरबाट भएको घटना दाबीयोग्य नहुने भएकोले क्षतिपूर्ति पाउन्न ।' अन्य ड्राइभरले चलाएको र हिँडिरहेका (तेस्रो पक्ष) लाई ट्र्याक्टरले ठक्कर दिएको भनी झुठा दाबी गरिएको रहेछ । प्रमाणसहित उक्त झुठा 'घटना प्रमाणीकरण' गर्ने ट्राफिक प्रहरी पोस्टमा सर्भेयर पुगी गुनासो गर्दा 'छिटो पत्र जारी गर्न स्थानीय जनसमूहको दबाबका कारण निवेदनका आधारमा मात्र पत्र जारी गरेको' स्वीकारोक्ति आयो ।

झुठा बिमा दाबी निरुत्साहन गर्ने कानुनको अभावमा यस्ता झुठा बिमा दाबीहरु बढ्दैछन् । उदाहरणका लागि बजार मूल्य २०–२५ लाख पर्ने एस्काभेटरको ५० लाखको बिमा गराई १०–१५ जना कामदार रहेको महोत्तरीको एउटा क्रसरको यार्डभित्र एस्काभेटरमा आफै आगो लागी ध्वस्त भएको भन्ने दाबीको अनुसन्धान गर्दा जाजाजान आगो लगाइएको पाइयो । काठमाडौँ नजिकको कोल्ड स्टोरले घटना पश्चात बिमा गराई झुट्टा घटना मितिअनुसार दाबी गरेकोसमेत पाइयो ।

नेपाल राष्ट्र बैंक ऐनको दफा ८८ बमोजिम स्थापित कर्जा सूचना केन्द्रको व्यवस्थाले बैंकका ऋणीहरुलाई बैंकिङ कसुर गर्न निरुत्साहित गरेको देखिन्छ । बिमा ऐन, २०४९ का कतिपय दफामा बिमितको हकहितका लागि बिमा कम्पनी र बिमाकर्मीलाई समितिले गर्ने विभिन्न प्रकारका दण्डात्मक व्यवस्था गरिएको छ । ऐनको ' बिमक जवाफदेही हुने' शीर्षकको दफा १७ अनुसार 'मर्का पर्ने गरी दायित्व निर्धारण गरेको बिमकले निर्णय पुनरावलोकन हुने दिनसम्मको ब्याजसहित बिमितलाई भुक्तानी गर्नुपर्ने' हुन्छ । तर, झुट्टा दाबी गर्ने बिमितलाई हुने सजायबारे ऐन मौन छ । यस्तै बिमा नियमावली, २०४९ को दफा ३१ ले जीवन बिमातर्फ र ३२ ले निर्जीवन बिमातर्फ समयावधि नै तोकी बिमा दाबी छिटो भुक्तानी गर्नुपर्ने बाध्यात्मक प्रावधान राखेको छ । सो हुन नसकेमा दफा ३३ मा बिमितले मात्र उजुरी गर्न पाउने एकतर्फी व्यवस्था छ । बिमितले झुट्टा दाबी गर्न सक्ने अवस्थाको परिकल्पना नै नगरी बिमक वा सर्भेयरलाई कुनै दाबी झुट्टा रहेको शंका लागेमा गर्न पाउने कार्यप्रक्रिया बारे पनि नियमावली मौन छ । यस्तै सवारी बिमालेखको परिच्छेद ६ः सर्तहरु अन्तर्गतका दफा १२, १६ र १७ हरुले बिमितले झुट्टा विवरण दिएमा हुने अधिकतम परिणामका रुपमा बिमितलाई पोलिसीले दिने सुविधा (अर्थात क्षतिपूर्ति) बाटमात्र वञ्चित गरेका छन् - जुन सजाय होइन । यसरी झुट्टा दाबीकर्ता बिमित कुनै पनि प्रकारको नगद, कैद वा अन्य कुनै सजायको भागीदार हुनुपर्दैन ।

बिमा ऐन, नियमावली र बिमालेखहरुले बिमितलाई प्रचुर अधिकार प्रदान गरेका छन् भने सो अधिकार दुरुपयोग हुन नदिन झुट्टा दाबीकर्ता बिमितलाई गर्ने सजायबारे मौन छन् । भनिन्छ, यस्तो सजायरहित कानुनी व्यवस्थाका कारण झुट्टा बिमादाबी गर्न नेपालमा अघोषित कार्यालय नै खोलिएका छन् । कार्यालय नै खोलेका यस्ता संस्थागत झुट्टा दाबीकर्ताहरुले अमुक सर्भेयरलाई नखटाउन र छिटो दाबी भुक्तानी नभएमा बिमा समितिमा उजुर गर्ने धम्की दिनेसमेत गरेको पाइन्छ । प्रचलित अन्य कानुनहरुका प्रावधानहरुले समेत झुट्टा बिमा दाबीकर्तालाई दण्डित गर्न सक्ने अवस्था देखिँदैन ।




बिमित र बिमकबीचको करार नै बिमा पोलिसी हो जसका आधारमा बिमितले बिमा कम्पनीमा क्षतिपूर्ति दाबी गर्छ । वस्तु विक्री, ढुवानी, नासो आदि तर्फ नेपालको करार ऐन, २०५६ ले विभिन्न व्यवस्था गरे पनि करारको एक पक्षले झुट्टा कागजातका आधारमा अर्को पक्षलाई दाबी गरेमा हुनसक्ने सजायबारे केही व्यवस्था गरेको छैन । विसं २०७४ मा जारी मुलुकी अपराध संहिताको दफा ८९ ले '... न्यायिक वा कानुनि कारबाहीमा ... झुट्टा प्रमाण बनाउने वा झुट्टा परिस्थिति सिर्जना गर्ने... लाई ५ वर्ष कैद र पचास हजार रुपियाँ जरिवाना' तोकेको छ । यस दफाको उपयोगका लागि एकातर्फ बिमा दाबी न्यायिक वा कानुनी कारबाहीको परिभाषामा पर्नुपर्छ भने अर्कातर्फ क्षेत्रगत नियामक बिमा समिति आफैँमा जिल्ला अदालत सरहको अधिकारप्राप्त अर्धन्यायिक निकाय भएकोले बिमा कम्पनीहरुले मुलुकी अपराध संहितालाई मात्र टेकेर समितिको अनुमतिबिना बिमितलाई फौजदारी अभियोग लगाउन सक्ने देखिदैन ।

वास्तवमा झुट्टा दाबीले समग्र बिमा क्षेत्रलाई कुरूप गर्छ । झुट्टा दाबीबापत अनावश्यक रकम खर्च भई बिमितहरुले बिमा प्रिमियम बढी तिर्नु पर्ने हुन्छ भने झुट्टा दाबीले बिमाको आधारभूत अवधारणा र बिमा क्षेत्रको समग्र 'इको सिस्टम' (सन्तुलन) लाई नै बिगार्छ । बढ्दो झुट्टा दाबीहरुका कारण दाबी सर्भेका दौरान सामान्य दाबीकर्ताहरुमाथि केरकार र अनुसन्धान बढाउनुपर्ने हुन्छ । यसरी दाबीकर्तामाथि केरकार र अनुसन्धान बढ्नाले बिमा क्षेत्रको साधन स्रोतको अनावश्यक खपत हुनुका साथै यसले गर्दा बिमादाबी पाउन अप्ठेरो महसुस गरी बिमितको बिमाप्रति वितृष्णा बढ्दै जान्छ । यसैले झुट्टा बिमा दाबी निरुत्साहनका लागि विश्वव्यापी प्रयास जारी छ ।

बिमा कारोबारको जननीका रुपमा सत्रौं शताब्दीमा नै लोयेडस अफ लन्डनबाट बिमा कारोबार सुरु भएको बेलायतको हालको एक प्रमुख आर्थिक चुनौती झुट्टा बिमादाबी हो । सोहीअनुरुप गैरनाफामूलक कम्पनीको रुपमा स्थापित इन्स्योरेन्स फ्रड ब्युरोले झुट्टा दाबी निरुत्साहनमा केन्द्रीय निकायको रुपमा सन् २००६ देखि काम गरिरहेको छ । त्यस्तै अमेरिकाको क्यालिफोर्निया राज्यको ५५० नम्बर प्यानल कोडले झुट्टा दाबिकर्तालाई कसुरको मात्रा हेरी २ वा ३ वा ५ वर्ष जेल र ५० हजार डलर वा झुट्टा दाबीबाट प्राप्त रकमको दोब्बरमध्ये जुन बढी हुन्छ सो रकम जरिवाना तोकेको छ । भारतमा समेत झुट्टा दाबीको समस्या विकराल रहेको महसुस गरी इन्स्योरेन्स फाउन्डेसन इन्डियाले गत वर्ष बृहत् सेमिनार गरी सोको प्रतिवेदनलाई आफनो वेबसाइटमा प्राथमिकताका साथ राखेर फ्रड कन्ट्रोल कानुन तर्जुमा गराउन प्रयासरत छ । उक्त प्रतिवेदनमा नमुनाका लागि अमेरिकाको न्युजर्सी राज्यको 'इन्स्योरेन्स फ्रड कन्ट्रोल एक्ट' राखिएको छ जसमा झुट्टा दाबी गर्नेलाई पटकै पिच्छे बढ्दो क्रममा नगद जरिवाना हुने, बिमा कम्पनीले झुट्टा दाबीकर्ताविरुद्ध उजुर गर्न पाउने र राज्यको बिमा नियमनकारी निकायमा 'इन्स्योरेन्स फ्रड कन्ट्रोल' महाशाखाको स्थापना गर्ने लगायतका प्रावधान छन् । यस प्रकारका नीतिगत र संरचनागत व्यवस्था नेपालमा समेत आवश्यक भई सकेका छन् ।

झुट्टा बिमादाबीले प्रत्यक्ष आर्थिक हानीसमेत गर्छ । युरोपको बिमा बजारको ९५ प्रतिशत प्रतिनिधित्व गर्ने 'इन्स्योरेन्स युरोप' को २०१३ मा प्रकाशित 'द इम्प्याक्ट अफ इन्स्योरेन्स फ्रड (झुट्टा बिमादाबीको प्रभाव)' रिपोर्टका अनुसार ब्रिटिस बिमा कम्पनीहरुले वार्षिक १ लाख ३८ हजार ८१४ (प्रतिसाता २ हजार ६७०) गोटा झुट्टा दाबीहरु सामना गरेर करिब २ अर्ब पाउन्ड अनावश्यक भुक्तानी गर्छन् । नागरिकमा कानुन पालना गर्ने दर उच्च रहेको युरोपमा समेत १० प्रतिशत रकम झुट्टा दाबीमा भुक्तानी हुने गरेको तथ्य हेर्दा हाम्रोजस्तो देशमा यो प्रतिशत १५ प्रतिशतभन्दा बढी हुनुपर्छ भन्ने सहजै अनुमान गर्न सकिन्छ । बिमा समितिको वार्षिक प्रतिवेदनअनुसार जीवन बिमातर्फ करिब १३ अर्ब र निर्जीवनतर्फ करिब ७ अर्ब गरी नेपालमा वार्षिक करिब २० अर्ब बिमा दाबी भुक्तानी हुन्छ । यसअनुसार नेपालमा वार्षिक झन्डै ३ अर्ब झुट्टा दाबीका लागि नोक्सानी हुने अनुमान गरिएको छ ।

नेपालमा पनि झुट्टा दाबी निरुत्साहनका प्रयास सुरु भने भएका छन् । बिमा समितिले चालु पंचवर्षीय योजनाका लागि राष्ट्रिय योजना आयोगमा पेस गरेको खाकाको ९ वटा अपेक्षित उपलब्धिहरुमध्ये एउटा हो ः 'बिमित हित संरक्षण कोष, बिमा सूचना केन्द्र र बिमा जालसाँझी छानबिन समिति गठन हुने' । उल्लेखितमध्ये बिमित हित संरक्षण कोष र बिमा सूचना केन्द्र स्थापनाका लागि प्रस्तावित बिमा विधेयकमा प्रावधान भए पनि बिमा जालसाँझी छानबिन समिति सम्बन्धमा ऐन मौन छ ।

बिमा विधेयकको दफा १४५ 'बिमित सम्बन्धी विशेष व्यवस्था' मा झुट्टा दाबी बारे सम्बन्धित निकायमा लेखी पठाउने र झुट्टा दाबीकर्तालाई ५ वर्षसम्म बिमा सेवा रोक्ने उल्लेख छ जुन सजाय नभएर सेवाको निषेध मात्र हो । तर उक्त विधेयककै १३६ देखि १५१ सम्मका १६ वटा दफाहरु र सोअन्तर्गतका ६० वटा उपदफाहरुमा बिमा कम्पनी र बिमाकर्मीहरुका लागिमात्र धेरै प्रकारका सजायहरुको व्यवस्था छ । त्यस्तै दफा १४२ अनुसारको त्रुटि गरेमा सरकारवादी मुद्दाका रुपमा समेत बिमा कम्पनी र बिमाकर्मीलाई अभियोग लगाउने कडा प्रावधान छ ।

यसरी बिमा कम्पनी र बिमाकर्मीलाई गरिने धेरै प्रकारका सजायहरुको लामो सँगालो र नियमावलीमा राख्न उपयुक्त हुने अन्य कैयौ झिना मसिना प्रावधान राखी १२५ पाना पारिएको लामो बिमा विधेयकमा झुट्टा दाबी निरुत्साहन गर्न झुट्टा दाबीकर्ताका लागि नगद र कैदलगायतका कुनै पनि सजाय प्रस्तावित नगर्नु अस्वाभाविक छ । झुट्टा दाबीकर्तालाई दिइएको यस प्रकारको उन्मुक्तिले आउँदा दिनमा झुट्टा दाबी बढ्दै गई नेपालको बिमा क्षेत्रको विकासमा चौतर्फी अवरोध पुग्ने देखिन्छ । यसतर्फ बिमा क्षेत्रका नीति निर्माता सजग हुनुपर्ने देखिन्छ ।

*(सदस्य, बिमा सर्भेयर संघ, नेपाल )*

# होम आइसोलेसनमा कसरी बस्ने ? परिवारको भूमिका के हुन्छ ?



❖रामकुमार धमला

नेपालमा अहिले कोभिड-१९ संक्रमितको संख्या ५० हजार नाघिसकेको छ । उक्लँदो संक्रमणको ग्राफसँगै संस्थागत आइसोलेसन र कोभिड अस्पतालको बेडहरु भरिँदैछन् । अस्पतालमा भर्ना भई उपचार आवश्यक नभएका लक्षणविहीन तथा सामान्य लक्षण भएका संक्रमितहरुलाई होम आइसोलेसनमा रहन सक्ने मापदण्ड लागू भएको छ ।

महामारी जन्य रोगहरुलाई रोकथाम र नियन्त्रण गर्न जनस्वास्थ्यको भरपर्दो उपाय हो आइसोलेसन । क्वारेन्टाइन वा आइसोलेसन विधिको उद्देश्य भनेको रोगको संक्रमणलाई रोक्न वा फैलन नदिनु हो । सामान्य भाषामा बुझ्दा छुट्टै एकान्तबास वा अलग्गिनु नै आइसोलेसन हो । संस्थागत आइसोलेसन खाली भएन भने होम आइसोलेसनमा तोकिएका मापदण्डहरु अपनाएर बस्न सकिन्छ । नेपालमा कोभिड १९ को संक्रमणको सुरुवाती चरणमा कोरोनाका लक्षण र चिन्हहरु कम देखिएका थिए । हाल आएर संक्रमितहरुमा सास फेर्न गाह्रो हुने, स्वाद तथा गन्ध थाहा नपाउने, खोकी लाग्ने, बिनाकारण ज्वरो आउने, घाँटी दुख्ने आदि लक्षण तथा चिन्हहरु देखिन थालेका छन् । कोभिड महामारीको यो समयमा यस्ता लक्षणहरु देखिए वा अझ भनौ आफ्नो स्वास्थ्य आफैलाई अलिक असामान्य लागेमा वा बिरामी हुन लागेको जस्तो अनुभव भएमा सकेसम्म चाँडो परिवारको सदस्यहरुबाट अलग्गै रहनुपर्छ । त्यसपछि कोभिड १९ को जाँच गर्नुपर्छ । परीक्षणमा नतिजा पोजेटिभ आएमा संस्थागत आइसोलेसन खाली भए सकेसम्म आइसोलेसन सेन्टरमा रहने । यदि खाली नभएमा घरमा नै (होम ) आइसोलेसन विधि अपनाएर बस्न सकिन्छ ।

**होम आइसोलेसनमा रहँदा पालना गर्नुपर्ने प्रमुख स्वास्थ्य मापदण्ड तथा व्यवहारहरु –**

१. संक्रमित बस्ने कोठा उज्यालो र पर्याप्त हावा आउने हुनुपर्छ । भेन्टिलेसन भएको कोठा हुनुपर्छ ।

२. सकेसम्म शौचालय र नुहाउने ठाउँ छुट्टै व्यवस्था गर्ने । सामुहिकरुपमा प्रयोग गर्नुपर्ने अवस्था आएमा संक्रमितले प्रयोग गरिसकेपछि ढोकाको हेन्डल, चुकुलदेखि सबै भागहरुलाई डिस्इन्फेक्सन प्रयोग गरेर सफाइ तथा स्प्रे गरेर मात्र परिवारको अन्य सदस्यले प्रयोग गर्नुपर्छ ।

३. होम आइसोलेसन अवधिभर घर बाहिर ननिस्कने र अन्य आफन्तसँग भेटघाट तथा सम्पर्क नगर्ने । आवश्यक सम्वादसमेत फोन वा सामाजिक सञ्जालमार्फत गरेको राम्रो । गर्नैपर्ने अवस्था आएमा न्यूनतम २ देखि ३ मिटरको दुरीमा आमनेसामने नहुने गरी बढीमा १५ मिनेटसम्म सक्ने गरी छोटो कुराकानी गर्ने ।

४. पोसिलो खाने कुरा खाएर रोगप्रतिरोध क्षमता बढाउनू आवश्यक भएकाले पर्याप्त पानी, फलफूल तथा झोलिलो र हाई प्रोटिन खानेकुरासहितको सन्तुलित खानेकुरा खाने । खानेकुरा खाँदा र डेलिभर गर्दा विशेष सावधानी अपनाउनुपर्छ । जस्तो कि खाना खाने प्लेटहरुसहित संक्रमितको छुट्टै सेट प्रयोग गर्नुपर्ने हुन्छ । साथै संक्रमितले प्रयोग गरेपछिको फोहोर व्यव्थापनसमेत उचित तरिकाबाट हुनुपर्छ ।

५. घरका सबै सदस्यहरुले दिनमा पटक-पटक साबुनपानीले हात मिचीमिची कम्तीमा २० सेकेण्डसम्म धुनुपर्छ । सकेसम्म हातलाई अनुहारमा कम छुने । विशेषगरी कोरोनाबाट बच्न मुख, नाक र आँखालाई बचाउनुपर्ने हुन्छ ।

६. संक्रमितको हेरचाहमा खटिने परिवारको सदस्यले अनिवार्य मेडिकल माक्सको उचित तरिकाले प्रयोग गर्ने । आँखामा चस्मा वा फेस सिल्ड प्रयोग गर्ने । संक्रमितसँग सकेसम्म कम सम्पर्क गर्ने ।

७. व्यक्तिगत सरसफाइमा ध्यान दिने । सरसफाइ तथा नित्यकर्ममा प्रयोग हुने सामानहरु छुट्टै राखेर प्रयोग गर्ने ।

८. घरमा रहेका कोभिड १९ को जोखिम समूहहरु दीर्घरोगी, जेष्ठ नागरिक, विशेष गरी उच्च रक्तचाप, मधुमेह रोगीहरु, बालबालिका, गर्भवती तथा सुत्केरीहरुलाई संक्रमितको सम्पर्कवाट टाढा राख्ने ।

९. संक्रमितले ज्वरो आए वा नआएको कम्तीमा दिनमा २ पटक जाँच गर्ने । अन्य स्वास्थ्य समस्या आए वा नआएको ख्याल गर्ने । यदि ज्वरो आएमा वा अन्य समस्या आएमा स्वास्थ्यकर्मी वा चिकित्सकसँग सल्लाह लिने । कुनै रोगविरुद्ध औषधी सेवन गरिरहेको भए नियमितरुपमा औषधी खाने वा प्रयोग गर्ने ।

१०. नियमितरुपमा एकै समयमा सुत्ने र उठ्ने बानी बसाल्नुपर्छ । कम्तीमा दैनिक ८ घण्टा सुत्ने, दैनिक तथा शारीरिक व्यायाम तथा मेडिटेसनहरु गर्ने । योग गर्ने, किताबहरु पढ्ने तथा मनमा लागेका कुराहरु नोटबुकमा लेख्ने । चिन्ता नलिने । आधिकारिक स्रोतको सूचना मात्र लिने । सामाजिक सञ्जालहरु कम प्रयोग गर्ने ।

**परिवारका सदस्यहरुको भूमिका**

परिवारको कुनै सदस्य होम आइसोलेसनमा रहँदा रोगको रोकथाम, नियन्त्रण र संक्रमितको उपचारमा परिवारका अन्य सदस्यहरुको उल्लेखनीय भूमिका रहन्छ ।

१. कोभिड १९ रोग श्वासप्रश्वास माध्यमबाट सर्ने भाइरल रोग हो । यो जो कोहीलाई पनि लाग्न सक्छ भन्ने कुरा परिवारको सबै सदस्यहरुले बुझ्न आवश्यक छ । यसर्थ संक्रमितलाई लाञ्छना होइन, माया, सद्भाव र सान्त्वना दिनुपर्छ ।

२. होम आइसोलेसनमा रहेको संक्रमितको मनोबल उच्च बनाउने । अनावश्यक आफन्तहरुसँगको भेटघाट कम गर्ने ।

३. संक्रमितलाई आवश्यक पर्ने सामानहरु उपलव्ध गराउने । तर, उपयुक्त सावधानी अपनाएर मात्र उपलब्ध गराउने ।

४.आफ्नो पालिकाको कोभिड-१९ फोकल पर्सन, चिकित्सक वा स्वास्थ्यकर्मी र कोभिड डेडिकेटेट एम्बुलेन्स चालकको सम्पर्क नम्बर लिने । कन्ट्याक्ट ट्रेसिङ्ग, एण्ड टेष्टिङ्ग टिमसँग समन्वय गरी परिवारको सदस्यहरुको पीसीआर परीक्षण गर्ने ।

५.संक्रमितको अवस्था र लक्षणहरु नियमितरुपमा अपडेट लिने दिने । जस्तो सास फेर्न गाह्रो हुने, स्वाद तथा गन्ध थाहा नपाउने, खोकी लाग्ने, ज्वरो आउने जस्ता लक्षणहरु भए पालिकाको चिकित्सक र स्वास्थ्यकर्मीलाई जानकारी गराई स्वास्थ्य सल्लाह लिने ।

अन्त्यमा, संक्रमितलाई सकेसम्म संस्थागत आइसोलेशन सेन्टरमा राखेको राम्रो । तर, होम आइसोलेसनमा नै बस्नुपर्ने भए माथिका प्रमुख स्वास्थ्य मापदण्डहरु पालना गर्न आवश्यक देखिन्छ । स्मरण रहोस्, यदि तोकिएको स्वास्थ्य मापदण्ड छैन र सोको अबलम्वन गरिएको छैन भने होम आइसोलेसन नै कोभिड १९ रोग फैलाउन मुख्य केन्द्र बन्न सक्छ । होम आइसोलेसनमा रहँदा स्वयं संक्रमित व्यक्ति, परिवार र स्थानीय पालिका गति नै पक्ष र तहले स्वअनुशासनको पालना र कडाइका साथ नियमन अनुगमन गर्नुपर्ने आवश्यकता देखिन्छ ।

*(धमला इटहरी उपमहानगरपालिकाको कोभिड १९ होम आइसोलेसन अनुगमन तथा व्यवस्थापन समितिका सदस्य हुन् )*

# आठ महिनामा २ लाख पर्यटक

*बिर्तामोड (प्रस) ।* यस वर्षको आठ महिनामा जम्मा २ लाख पर्यटकमात्र नेपाल भित्रिएका छन् । जनवरीदेखि अगष्टसम्म १ लाख ९९ हजार ९ सय ३ जनाले नेपाल भ्रमण गरेको अध्यागमन विभागले जनाएको छ । गत वर्ष सोही समयमा ७ लाख ३९ हजार पर्यटकले नेपाल भ्रमण गरेका थिए । सरकारले २० लाख पर्यटक ल्याउने लक्ष्यसहित नेपाल भ्रमण वर्षका रुपमा मनाउने निर्णय गरे पनि कोरोना भाइरसको प्रभावले पर्यटक आगमन शून्य हुँदा भ्रमण वर्ष नै स्थगित गरिएको छ । यद्यपि कोरोनाको असर सुरु हुनुअघि नै पर्यटक आगमन त्यति उत्साहजनक भने थिएन । अध्यागमन विभागका अनुसार पछिल्लो ८ महिनामा नेपाल प्रवेश गर्नेभन्दा नेपालबाट बाहिरिनेको संख्या बढी छ । यो अवधिमा २ लाख ३२ हजार ८२ विदेशी नागरिक त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल हुँदै स्वदेश फिर्ता भएका छन् । पछिल्लो ८ महिनामा नै ३ लाख ५८ हजार ६ सय ५ जना नेपाली स्वदेश फिर्ता भएका छन् । चैतसम्म रोजगारी र अध्ययनका लागि जानेको संख्या नघटेका कारण यो अवधिमा ३ लाख ९ हजार ८ सय ५२ नेपाली



विदेश प्रस्थान गरेको तथ्यांक छ ।

अध्यागमन विभागका महानिर्देशक रमेशकुमार केसीका अनुसार नेपाली र विदेशी गरेर कुल ५ लाख ५८ हजार ५ सय ८ जना नेपाल आएका थिए भने ५ लाख ४१ हजार ९ सय ३४ बाहिरिएका छन् ।

अध्यागमन विभागले नेपालमा रहेका विदेशी नागरिकलाई भिसाको म्याद थपमा सहजीकरण गरेको छ । सरकारले भदौ ४ देखि निषेधाज्ञा लागू गरेको समयमा भिसा नवीकरण गर्नबाट बञ्चित भएका विदेशी नागरिकलाई १५ दिन यस्तो सुविधा प्रदान गरेको हो । निषेधाज्ञाको समयमा भिसाको म्याद सकिएका विदेशी नागरिकलाई सहजीकरण गर्नका लागि विभागले यस्तो सूचना प्रकाशित गरेको विभागका महानिर्देशक केसीले बताए । यसबाट नेपालमा रहेका विदेशी कामदार, व्यावसायिक, पारिवारिक भिसामा नेपालमा रहेका विदेशी नागरिक लाभान्वित हुने छन् । जरिवाना र विलम्ब शुल्क नलिई भिसा नवीकरण गरिने विभागले जनाएको हो । भदौको २८ गतेदेखि असोजको ११ गते सम्म नियमित प्रकृयाबाट भिसाको म्याद थप गर्न पाउने छन् । विभागलाई भिसावापत् दैनिक ३ डलरका दरले तिर्नुपर्ने अनिवार्य शुल्कमात्र तिरेर भिसा नियमित गर्न सक्ने छन् । यता नेपालमा रहेका पर्यटकले भिसा नियमित गरेर मंसिरसम्म बस्न पाउने नियम भने यथावत् नै रहेको विभागले प्रष्ट पारेको छ । १ महिना अगाडि विभागले नेपालमा अलपत्र परेका पर्यटकले मंसिरसम्म नियमित भिसा शुल्क मात्र तिरेर बस्न पाउने निर्णय गरेको थियो ।

गृहमन्त्रीस्तरीय निर्णयले कोभिड-१९ का कारण उत्पन्न परिस्थितिको मूल्याङ्कन गर्दै नियमित व्यावसायिक उडान सुचारु नहुँदा स्वदेश फिर्ता हुन नपाएका पर्यटकलाई नेपाल बसाईमा सहजीकरण गर्न यस्तो निर्णय गरिएको अध्यागमन विभागले जनाएको थियो । मन्त्रालयले गरेको यो निर्णयसँगै नेपालमा अलपत्र परेर स्वदेश फिर्ता हुन नपाएका पर्यटकको लागि नियमित भिसा शुल्क मात्र तिरेर बस्ने पाउने निर्णय भएको थियो । सरकारले पर्यटकलाई १ सय ५० दिनसम्मको मात्र पर्यटन भिसा दिने कानुनी व्यवस्था छ ।

# बीपी प्रतिष्ठानमा शल्यक्रिया गराउने घटे

*झापा (प्रस) ।* लकडाउन सुरु भएसँगै बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा शल्यक्रिया गराउनेको संख्यामा उल्लेख्य कमी आएको हो । प्रतिष्ठानमा गत चैतदेखि भदौ २७ सम्म ३ हजार ५ सयको हाराहारीमा मात्र शल्यक्रिया भएका छन् । उक्त संख्या अघिल्लो वर्षको यसै अवधिको तथ्यांक हेर्दा २३ प्रतिशत मात्रै हुन आउँछ । अघिल्लो वर्ष यस अवधिमा १४ हजार ८ सय ५ वटा शल्यक्रिया भएका थिए ।

प्रतिष्ठानको तथ्यांक विभागका अनुसार विभिन्न खाले रोगको उपचार र आकस्मिक उपचारका क्रममा हुने शल्यक्रिया मासिक रूपमा सरदर २५ सयको हाराहारीमा हुने गरेको थियो । तर, लकडाउन र निषेधाज्ञा अवधिभर मासिक सरदर ४ सयदेखि ९ सय वटा मात्र शल्यक्रिया भएका छन् । प्रतिष्ठानमा शल्यक्रिया गर्न आउने बिरामीमध्ये जटिल (मेजर) शल्यक्रिया गर्नेहरूको संख्या करिब ६५ प्रतिशत छ । आर्थिक वर्ष ०७६र७७ मा २२ हजार ३ सय ७ वटा ठूला, मझौला र साना शल्यक्रिया भएका थिए ।

प्रतिष्ठानले यसबीचमा उपचार सेवा भने रोकेको छैन । तैपनि शल्यक्रिया गर्नै पर्ने बिरामी कोरोना संक्रमण हुने डरका कारण अस्पतालसम्म नआउँदा शल्यक्रियाको संख्या घटेको प्रतिष्ठानका स्त्री तथा प्रसूति रोग विशेषज्ञसमेत रहेका रजिस्ट्रार प्रा.डा. मोहनचन्द्र रेग्मीले बताए । 'शल्यक्रिया गरेर स्वस्थ हुन सक्ने बिरामीहरू घरमै छटपटाएर बस्न बाध्य छन् भन्ने संकेत यो तथ्यांकले दिन्छ । कोरोना संक्रमणको त्रासले बिरामीहरू अस्पतालसम्म आउन सक्ने वातावरण नहुँदा कतिपयको मृत्युसमेत भएको हुन सक्छ,' उनले भने । उनका अनुसार पछिल्लो समय कोरोना संक्रमण दर बढेको र अन्य बिरामीको अवस्था झन् नाजुक बन्दै गएको छ ।

प्रतिष्ठान प्रदेश १ र २ का बिरामीका लागि रिफरल सेन्टर भएको छ । बिरामी आइहाले पनि अटिल अवस्था भएपछि मात्रै उपचारका लागि आइरहेका प्रतिष्ठानले जनाएको छ । 'एक-दुई महिनापछि शल्यक्रिया गर्नुपर्ने विभिन्न शारीरिक रोग भएका बिरामीहरू गत चैतदेखि नआउनु भनेको रोग पालेर झन् जटिल बनाउनु हो,' प्रतिष्ठानका मुटुरोग विशेषज्ञ डा. प्रशान्त साहले भने । उनका अनुसार चैत अघिसम्म मासिक रूपमा सरदर डेढ सय जना मुटुरोगी क्याथल्याब गर्न आउने गरेका थिए । तीमध्ये ५ प्रतिशत भारतीय नागरिक हुन्थे ।

अन्य कतिपय निजी अस्पतालले उपचारका लागि आएका बिरामीलाई कोरोना संक्रमणको कारण देखाउँदै भर्ना नगरे पनि प्रतिष्ठानले भने भर्ना लिइरहेको छ । प्रतिष्ठानका इमर्जेन्सी विशेषज्ञ चिकित्सक प्रा.डा. ज्ञानेन्द्र मल्लका अनुसार कोरोनाको त्रासकै कारण उपचारका लागि प्रतिष्ठान नआउनेको संख्या बढेको छ । 'पीसीआर परीक्षण नभएका र लक्षण नभएका कतिपय संक्रमित प्रतिष्ठानको इमर्जेन्सीमा आए पनि चिकित्सकहरूले उपचारलाई पहिलो प्राथमिकतामा राखेर सेवा दिइरहेका छन्,' उनले भने ।

प्रतिष्ठानमा उपचार गर्न आउनेमध्ये शल्यक्रिया नगरी पित्त नलीमा रहेको ढुंगा निकाल्ने आधुनिक चिकित्सा उपचार पद्धति 'इन्डोस्कोपिक रेट्रोग्रेड कोलन्जियो प्याङ्क्रियाटोग्राफी' (ईआरसीपी) गर्न आउनेहरूको संख्यामात्र पहिलेको दरमा छ । प्रतिष्ठानका ग्यास्ट्रो इन्टेरोलोजी-हेपाटोलोजी विभागका प्रमुख प्रा.डा. विक्रम प्रधानले सातामा ४ देखि ६ जनाको ईआरसीपी प्रविधिबाट उपचार भइरहेको बताए । प्रतिष्ठानमा मुटु, मिर्गौला, नसा, हाडजोर्नी, छाला, टाउको, प्रसूति, नाक, कान, घाँटी, दाँत, छाला, पेटलगायतको शल्यक्रिया हुँदै आएको छ ।

# कोसी अस्पतालबाट अब एकदिनमै कोरोना परीक्षण रिपोर्ट

*झापा (प्रस) ।* अहिले विराटनगरमा स्वाब दिएर ल्याबमा परीक्षण गर्न पठाउँदा कोरोनाको रिपोर्ट लिन कम्तीमा ६ दिन पर्खनुपर्ने अवस्था छ । यसले नगरवासीलाई ठूलो सास्ती र तनाव छ । रिपोर्ट आउन ढिलो हुँदा स्वाब दिएर हिँडडुल गर्नाले थप संक्रमण फैलिन जोखिम पनि उत्तिकै छ । तर, अब भने अस्पताललाई कोरोना परीक्षण गर्ने नयाँ मेसिन प्राप्त भएसँगै पिसिआर परीक्षणको रिपोर्ट आजको भोलि आउने भएको छ । कोसी अस्पतालमा नयाँ मेसिन हस्तान्तरण भएसँगै परीक्षण गर्ने मेसिनको संख्या पनि तीन पुगेको छ । अब दैनिक परीक्षण रिपोर्ट १५ सय जनासम्मको दिन सकिने कोसी अस्पतालका मेसु डा. चुमनलाल दासले बताएका छन् ।

विराटनगर महानगरपालिकाको पहलमा दाताबाट प्राप्त भएको अटोमेटिक मेसिन एक औपचारिक कार्यक्रमबीच अस्पताल प्रशासनलाई हस्तान्तरण गरिएको छ । विराटनगर महानगरपालिकाका मेयर भीम पराजुलीलाई दाताको तर्फबाट अस्पताल परिसरमा उद्योग संगठन मोरङका अध्यक्ष भीम घिमिरेले हस्तान्तरण गरेसंगै मेसिन अस्पताललाई उपलब्ध गराइएको हो । विराटनगर महानगरपालिकाभित्रका सम्भावित संक्रमितको रिपोर्ट आउन प्रदेशबाट ढिलो भएसँगै मेयर भीम पराजुली आफैंले निजी क्षेत्रसँग छलफल गरी महानगरको आफ्नै परीक्षण संयन्त्र बनाउने अभियान थालेका थिए । यो कार्यमा ४३ जना दाताले करिब ८० लाखको 'कमिटमेन्ट' गरेको र रु. ६३ लाख ६४ हजार दुई मेसिनको लागि छुट्याएअनुसार दोस्रो मेसिन खरिद भएको मेयर पराजुलीले जानकारी दिएका छन् । उनले भने, 'महानगरले छलफल गर्दा एक दिनमै उद्योगी व्यापारीबाट ८० लाख



सहयोग गर्ने वचन प्राप्त भयो । ७३ लाख उठिसकेको छ ।' पराजुलीले संकटको बेला दाताको नाम र खर्च सार्वजनिक गरी नगरबासीको तर्फबाट धन्यवाद दिइने बताए ।

पिसिआर मेसिन र आएन एक्सट्राक्ट मेसिनमात्र नभएर संक्रमणलाई सम्बोधन गर्न थप छलफल गर्ने बताउँदै मेयर पराजुलीले नगरबासीको स्वाब संकलन गरेर पठाउने त्यसो आजको भोलि रिपोर्ट आउनु पर्छ भन्ने उद्देश्यसाथ दुईवटा मेसिन कोसी अस्पताललाई हस्तान्तरण गरिएको बताएका छन् । यसअघि उद्योगी व्यवसायीकै सहयोगमा पिसिआर मेसिन खरिद गरी अस्पताललाई दिइएको थियो । पराजुलीले भने, 'संक्रमण रोक्न र जोखिमबाट बच्न पनि थप सहयोगको लागि पहल हुँदैछ । कोभिड समितिले थप सरसल्लाह गरी के गर्ने भन्ने योजना बनाउने छ ।'

कोसी अस्पतालका मेसु डा. दासले भने परीक्षणको अत्यधिक चाप रहेको बेला र अति आवश्यक भएको बेला आफूहरुसँग सुझाव लिएरै अमेरिकन कम्पनीको अटोमेटिक मेसिन प्रदान गरेकोले अब परीक्षणको गति बढ्ने र नतिजा पनि चाँडै आउने बताए । उनले भने, 'महानगरबाट पिसिआर मेसिन पनि प्राप्त भएको छ । अब तीनवटा भएको छ । अर्को अस्ट्राक्सन मेसिन थियो तर म्यानुअली परीक्षण गर्नु पर्दथ्यो अब अटोमेटिक आएको छ । झन सहज हुने भयो ।' दासले दैनिक तीनदेखि ५ सयसम्म परीक्षण भइरहेकोमा यसलाई अब सहजै एक हजारसम्म बनाउन सकिने बताए । राउन्ड दी क्लक गर्दा एक हजारसम्म पुऱ्याउन सकिने र जनशक्ति थप गरे अझ बढ्ने जानकारी दिए । अहिले कोसी अस्पतालको ल्याबमा तीन सिफ्टमा कोरोना परीक्षणको काम भइरहेको छ । नयाँ मेसिनले आउटपुट बढ्ने दासले सुनाए ।

अहिले कोसीमा राति १२ बजेसम्म कोरोना परीक्षणको ल्याब चल्छ । यसलाई बिहान ४ बजेसम्म पुऱ्याउने लक्ष्य रहेको बताइएको छ । जनशक्ति थप गर्ने विषयमा समेत अस्पताल सञ्चालक समितिसँग लछफल हुने डा. दासले बताए । उनका अनुसार तीन घण्टामा पिसिआर मेसिनले रिजल्ट दिने गर्छ तर यसको लागि एउटामा मेसिनमा स्याम्पल राखेपछि त्यही मेसिनबाट सबै काम गर्दा १ घण्टा १६ मिनेट लाग्ने बताउँदै भने, 'तर डेढ घन्टासम्ममा रिपोर्ट निकाल्न सकिन्छ । आठवटासम्म स्याम्पल जाने मेसिन आए हामीले पनि गर्न सक्छौं । प्रदेश प्रयोगशालाले अहिले गरिरहेको छ ।' दासले तुरुन्त अस्पताल भर्ना गर्नुपर्ने र फिभर क्लिनिकका बिरामीको लागि यो अति नै प्रभावकारी हुने बताए । उनका अनुसार कोसीले फिभर क्लिनिकका बिरामीको रिपोर्ट एक दिनमा नै दिने गरेको छ । ढिलोमा बेलुका वा भोलि बिहानसम्म दिने गरिएको बताए ।

उद्योग संगठन मोरङका अध्यक्ष भीम घिमिरेले उद्योगी तथा व्यवसायीले आफ्नो गोजीको पैसा सहयाग गरेको जानकारी दिदैं भने, 'जनताले त चांडो भन्दा चाँडो कोरोनाको रिजल्ट थाहा पाउन चाहन्छ । मेरै परिवारको रिपोर्ट आउन पनि ६ दिन लाग्यो तर अब यो अवस्थाको अन्त्य हुने हामीले विश्वास लिएका छौं ।' घिमिरेले हरेक तीन घण्टामा नयाँ मेसिनले ९६ वटा रिजल्ट दिने क्षमता राख्ने भएकोले विराटनगरवासीलाई प्राथमिकतामा राख्दा कोरोनाको रिपोर्ट चाँडै प्राप्त हुने बताए । उद्योगी तथा रोटेरियन सुरेन्द्र गोल्छाले रोटरी क्लबको तर्फबाट एयर कन्डिसनसहितको भेइकलमा पोर्टेबल ल्याब जडान गरी ठाउँ ठाउँ लगेर परीक्षण गर्न सकिने त्यो मेसिन एक दुई दिनभित्रै विराटनगर आईपुग्ने बताए । रोटरी क्लबले विपी प्रतिष्ठान धरान र प्रदेश सरकारलाई पनि मेसिन सहयोग गर्दैछ । कोरोनाबाट विराटनगरमा १६ जनाको मृत्यु भईसकेको छ । संक्रमितको संख्या १ हजार उकालो लागिसकेको छ । ८ हजारभन्दा धेरैको पिसिआर परीक्षण भएको छ ।

# दमकमा सामसुङको नोट- २० तथा नोट -२० अल्ट्राको बिक्री शुरु




*दमक (प्रस) ।* स्मार्टफोनका प्रयोगकर्ताले खोज्ने अधिकतम सुविधा समावेश गरिएका सामुसङ ग्यालेक्सीका दुई नयाँ मोडल नोट-२० तथा नोट -२० अल्ट्राको दमकमा बिक्री शुरु गरिएको छ ।

दमक ८ पश्चिम बसस्टेण्डमा रहेको सामसुङ मोवाईलको आधिकारिक बिक्रेता न्यू झापा ट्रेड कन्सर्नले विश्व प्रसिद्ध कम्पनी सामसुङले बजारमा ल्याएको दुई नयाँ मोडलको मोवाईल एकैसाथ बिक्री शुरु गरेको हो ।

आइतबार शोरूममा आयोजित लन्चिङ कार्यक्रममा दमक उद्योग बाणिज्य संघका अध्यक्ष गोकुल श्रेष्ठले शुभारम्भ गरेका थिए । सामसुङले सालैपिच्छे निकाल्ने आफ्नो बिशिष्ठ नोट सिरिजको यो नयाँ संस्करण भएको न्यू झापा ट्रेड कन्सर्नका डाइरेक्टर तथा मोबाइल ब्यवसायी वस्तुगत संघ दमकका अध्क्षय भेनस श्रेष्ठले जानकारी दिए ।

उनका अनुसार लन्चिङ गरिएको नोट २० मा आठ जिवी न्याम र २५६ जीवी रुम स्टोरेज रहेको छ भने जसको मूल्य १ लाख ९ हजार ९९९ रुपैयाँ रहेको छ । त्यसैगरी नोट २० अल्ट्रामा फाइभ जीमा १२ जिबी न्याम र ५१२ जिबी इन्टर्नल स्टोरेज सुविधा छ भने मूल्य १ लाख ३९ हजार ९९९ तोकिएको न्यू झापा ट्रेड कन्सर्नका सञ्चालक श्रेष्ठले बताएका छन् । कार्यक्रममा दमकका अधिकांश मोबाइल ब्यवसायीहरूको उपस्थिति रहेको थियो।

दुबै मोडलका मोवाईल अग्रिम बुकिङ गर्ने ग्राहकलाई बिक्रेता संस्थाले आकर्षक उपहार समेत प्रदान गरिने जानकारी दिईएको छ ।

प्रतिदिन

वर्गीकृत विज्ञापन

विवाह कार्ड
स्टाम्प
साथै अन्य
छपाई सम्बन्धी सम्पुर्ण
काम गर्नु परेमा सम्झनुहोस्
न्यू के.के. प्रिन्टर्स
बिर्तामोड कृषिशोक बजार
९८५२६७९०२९, ९८०२६७९०२९
९८४२७८१०२९

अब मेसिनबाट
घरको झ्याल
तथा ढोकाको बुट्टा
PALcreation
bhadrapur road, birtamode
023-590580, 9852671580

INDESIGN BTM
Think Creative
ADVERTISEMENT DESIGN
LOGO | POSTER
BOOK | COVER | BROCHURE
BIRTAMOD | 9807909546

3D BOARD
-2D Board
-Flex Print
-Sticker
Decoration
बिचित्र डिजाईन
दमक-८, पलेटी रेष्टुरेन्टसँगै
९८६२१७८११४, ९८१०१७१६१६

हरि ओम
(UPVC) उद्योग
आवास, होटल, अस्पताल र विद्यालयका लागि अति उपयुक्त (UPVC) का झ्याल, ढोका पार्टेशन, रुफिङ, फल्स सिलिङ, स्टिल, रेलिङ लगायत सम्पूर्ण कामका लागि सधैं सम्झनुहोस ।
बिर्तामोड-१, झापा
०२३-५४२४६१/९८४२६९८५१४

तपाईकोमा
प्रतिदिन
आएन ?
नआएमा
सम्पर्क गर्नुहोला ।
९८०६०५८२०८

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१६०८८९५९

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

## राशिफल

**मेष** : आत्तिने बानीले बोलीको गलत अर्थ लाग्न सक्छ। अरूको मुख ताक्ने बानीले काम अधुरो रहनेछ ।
**वृष** : बिछोडिएका परिवारजनसँग भेटघाट ,जमघटका बीच स्वादिष्ट भोजन लिने अवसर जुट्नेछ ।
**मिथुन** : अवसरका लागि केही दौडधुप गर्नुपर्नेछ । आकस्मिक खर्च बढ्नाले अर्थ अभाव देखापर्न सक्छ ।
**कर्कट** : आयस्रोत राम्रो हुनाले आवश्यक भौतिक साधन जुट्नेछन्। सानो कामले पनि राम्रो आम्दानी दिलाउनेछ।
**सिंह** : प्रतिष्ठित काम गरेर धेरैको मन लोभ्याउन सकिनेछ। समाजमा तारिफयोग्य काम गर्दै नाम र दाम कमाउने समय छ।
**कन्या** : अरूका लागि बुद्धि खर्चनुपर्ला। आफ्ना विषयमा पनि अरूले दाबी गर्न सक्छन्।
**तुला** : प्रतीक्षित नतिजा कमजोर देखिनाले काम दोहोर्याउनुपर्ला। स्वास्थ्य कमजोर रहनाले औषधि-उपचारमा खर्च बढ्नेछ।
**वृश्चिक** : मित्रता र प्रेमको बन्धन कसिनेछ। सोखले जोखिम बढाउन सक्छ।
**धनु** : मिहिनेतीहरूका लागि समय निकै उत्साहजनक रहनेछ।
**मकर** : छिटो फल प्राप्त गर्ने आकांक्षाले समस्या निम्त्याउनेछ। अरूका लागि बुद्धि र श्रम खर्चनुपर्ला।
**कुम्भ** : अन्योलमा मान्यजनको सुझाव शिरोधार्य गर्दा सामान्य लाभ हुनेछ।
**मीन** : साथीभाइले पनि राम्रै सहयोग जुटाउनेछन्। पछिसम्म लाभ हुने काम प्रारम्भ हुनेछ।

प्रतिदिन दैनिकमा विज्ञापन दिन तथा ग्राहक बन्नका लागि हाम्रो ठेगाना- प्रधान कार्यालय : ०२३-५४३८२० । शाखाहरू: इटहरी/विराटनगर : ९८४२०९२४०६, दमक : विष्णु सुब्बा ९८५२६७०१३७, चारआली : ९८४२७०३०१३, धुलाबारी : गोबिन्द घिमिरे ९८१५९५०१५०, भद्रपुर : लोकबहादुर कुँवर ९८४२६८३९९६, अर्जुनधारा : भीम बराल ९८४४६२५३३५